# प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलनबाट पारित पोखरा घोषणापत्र, २०८१

नेपालको संविधानको धारा २४४ बमोजिम स्थापित प्रदेश लोक सेवा आयोगहरूबाट प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र संगठित संस्थाका पदहरूमा योग्यता, निष्पक्षता र स्वच्छता कायम गरी उपयुक्त उमेदवार छनौट तथा सिफारिस गर्ने कार्य हुँदै आइरहेको छ। प्रदेश लोक सेवा आयोगहरूले अवलम्बन गर्ने भर्ना तथा छनौट पद्धति र कार्यविधिलाई अझ बढी प्रभावकारी, व्यवस्थित तथा समसामयिक बनाउने एवम् कार्य सम्पादनको सिलसिलामा प्राप्त अनुभवहरूलाई एकआपसमा साझेदारी गर्दै समान धारणा निर्माण गर्ने अभिप्रायले यसपूर्व जारी भएका घोषणापत्रहरू कार्यान्वयन अवस्थाको समीक्षा गर्दै हामी पदाधिकारीहरू देहायका प्रतिवद्धता सहितको घोषणापत्र जारी गर्दछौं:

१. प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिम मापनयोग्य मानक सहितको सिद्धान्त र मापदण्ड प्रदेश लोक सेवा आयोगहरूसँग समन्वय गरी सार्वजनिक गर्न लोक सेवा आयोगलाई अनुरोध गर्ने,

२. नेपालको संविधान, सङ्घीयताको मूल मर्म र भावना एवम् कर्मचारी समायोजन ऐन, २०७५ को व्यवस्था समेतका आधारमा प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाबाट क्रमशः प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृतको भर्ना तथा पदस्थापन र तहाँ कार्यरत कर्मचारीहरूको पदसोपान सहितको वृत्ति विकासलाई यथोचित सम्बोधन हुने गरी सङ्घीय निजामती सेवा ऐन शीघ्र जारी गर्न अनुरोध गर्ने,

३. समान तहको पदमा प्रतिस्पर्धामा भाग लिन नपाउने कानूनी व्यवस्था नभएका प्रदेशहरूमा आवश्यक कानुनी व्यवस्थाका लागि सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गर्ने,

४. प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानूनमा उल्लेख भएबमोजिम संगठन संरचना तथा पद दर्ता सम्बन्धी कार्य समयमै सम्पन्न गरी आयोगबाट सिफारिस भई नियुक्ति भएका कर्मचारीहरूको व्यक्तिगत विवरण (सिटरोल) दर्ता तथा अध्यावधिकको कार्य गर्न सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गर्ने,

५. निजामती सेवा ऐन, २०४९ तथा स्वास्थ्य सेवा ऐन, २०५३ का प्रावधान प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानूनमा भर्ना, सेवाका शर्त र सुरक्षा तथा अवकाशको उमेर सम्बन्धी कानूनमा तादात्म्य हुनेगरी आवश्यक व्यवस्थाका लागि सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गर्ने,

६. प्रदेश लोक सेवा आयोगहरूबाट पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकामा सम्भव भएसम्म एकरुपता कायम गर्ने,

७. आयोगका पदाधिकारीहरूको नियुक्ति, सेवाका शर्त र सेवाबाट अलग हुने व्यवस्था एवम् निजहरूले बढुवा समितिमा रही खेल्ने भूमिका र पदीय हैसियत समेतका आधारमा मर्यादा कायम हुने गरी हाल कायम रहेको मर्यादाक्रमलाई पुनरावलोकन गर्न अनुरोध गर्ने,

८. प्रदेश लोक सेवा आयोगहरूले सम्पर्क कार्यालयको रूपमा लोक सेवा आयोगको काठमाडौंमा रहेको कार्यालय परिसर भित्र प्रदेश लोक सेवा आयोगहरूको कार्यसम्पादनका लागि गोपनीयता, संवेदनशीलता र सुरक्षाको मापदण्ड अवलम्बन गर्नुपर्ने भएकोले पर्याप्त स्थान व्यवस्थापनका लागि लोक सेवा आयोगलाई अनुरोध गर्ने,

९. यसअघिका सम्मेलनहरूबाट पारित भई कार्यान्वयन हुन बाँकी रहेका घोषणाहरूलाई कार्यान्वयन गर्दै जाने।

| | | | |
|---|---|---|---|
| मा. महेन्द्र प्रसाद गुरागाई<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>कोशी प्रदेश, विराटनगर | मा. शिवराम यादव<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग मधेश<br>प्रदेश, जनकपुरधाम | मा. महेश्वर श्रेष्ठ<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>बागमती प्रदेश, हेटौंडा | मा. विष्णुप्रसाद नेपाल<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>गण्डकी प्रदेश, पोखरा |

| | | |
|---|---|---|
| मा. प्रा. डिलाराम भट्टराई<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेश,<br>बुटवल | मा. रामप्रसाद उपाध्याय<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेश,<br>वीरेन्द्रनगर | मा. यज्ञराज बोहरा<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग सुदूरपश्चिम<br>प्रदेश, धनगढी |

इति सम्वत् मिति २०८१ मंसिर १९ गते रोज ४ शुभम्.............................................।

२०८१ मंसिर १८ र १९ गते, गण्डकी प्रदेश, पोखरामा सम्पन्न प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलनका

# निर्णयहरू

१. प्रदेश लोक सेवा आयोगहरूले प्रयोग गर्दै आइरहेका व्यवस्थापन सूचना प्रणाली (MIS) सँग सम्बन्धित प्राविधिक विषयहरू (OMR, अनलाइन प्रणालीहरू, वेवसाइट) मा एकरुपता कायम गर्ने,

२. कार्यकाल सफलतापूर्वक सम्पन्न गरी विदाई हुनु भएका बागमती प्रदेशका माननीय अध्यक्ष सुरेशमान श्रेष्ठ र माननीय सदस्य सुदर्शन प्रसाद ढकाललाई हार्दिक धन्यवाद ज्ञापन गर्ने र नवनियुक्त माननीय अध्यक्ष महेन्द्रप्रसाद गुरागाई (कोशी प्रदेश), माननीय अध्यक्ष शिवराम यादव (मधेश प्रदेश), माननीय अध्यक्ष महेश्वर श्रेष्ठ (बागमती प्रदेश), माननीय सदस्य भक्तबहादुर ढकाल (कर्णाली प्रदेश) तथा माननीय सदस्य सुनिल कुमार मिश्र (मधेस प्रदेश) लाई हार्दिक बधाई तथा कार्यकालको सफलताको शुभकामना प्रदान गर्ने,

३. प्रदेश लोक सेवा आयोगहरूको पाँचौ सम्मेलन मधेस प्रदेश, जनकपुरधाममा मिति २०८२ मंसिर १८ र १९ गते आयोजना गर्ने,

४. प्रदेश लोक सेवा आयोगहरूको सम्मेलनबाट पारित घोषणापत्र र निर्णयहरूको कार्यान्वयन स्थितिका सम्बन्धमा समन्वय, सहकार्य र साझेदारीका लागि सबै प्रदेश लोक सेवा आयोगहरूका सचिवहरूको एक समन्वय समिति गठन गर्ने र समितिको संयोजन गण्डकी प्रदेशका सचिवले गर्ने,

५. प्रदेश लोक सेवा आयोगहरूको चौँथो सम्मेलनको आयोजना गरी सफलतापूर्वक सम्पन गरेकोमा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशलाई धन्यवाद प्रदान गर्ने।

| | | | |
|---|---|---|---|
| मा. महेन्द्र प्रसाद गुरागाईं<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>कोशी प्रदेश, विराटनगर | मा. शिवराम यादव<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>मधेश प्रदेश, जनकपुरधाम | मा. महेश्वर श्रेष्ठ<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>बागमती प्रदेश, हेटौंडा | मा. विष्णुप्रसाद नेपाल<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>गण्डकी प्रदेश, पोखरा |

| | | |
|---|---|---|
| मा. प्रा. डिलाराम भट्टराई<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेश,<br>बुटवल | मा. रामप्रसाद उपाध्याय<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेश,<br>वीरेन्द्रनगर | मा. यज्ञराज बोहरा<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग सुदूरपश्चिम<br>प्रदेश, धनगढी |

इति सम्वत् मिति २०८१ मंसिर १९ गते रोज ४ शुभम्............................................................।